गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल


प.सं.२०८२/०८३ मितिः २०८२/०९/२२

च.नं. ने.सं. ११४६ पोहेलागा ३, मंगलबार

## सूचना

**विषय : दरभाउपत्र जमानत जफत गरि कालो सूचीमा राखिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा गजुरी गाउँपालिकाको आ.व. २०८२/०८३, २०८३/०८४ र २०८४/८५ मा कवाडी कर संकलनको लागि यस कार्यालयबाट प्रकाशित गरिएको मिति २०८२/०७/२३ को ठेक्का नं. GRM/W/SQ/01/2082/83 को सूचना बमोजिम सिलबन्दि दरभाउपत्र आव्हान पश्चात दर्ता हुन आएका दरभाउपत्रहरुको मूल्यांकनबाट श्री दर्पन विजनेस कन्सर्न, गोदावरी ५, ललितपुरले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले मिति २०८२।०८।१० गते दरभाउपत्र स्वीकृत गर्ने आयशको सूचना प्रकाशित गरि सोही दरभाउपत्रदातालाई मिति २०८२।०८।१७ गते ठेक्का सम्झौताको निम्ति पत्राचार गरिएको थियो । तत्पश्चात समयमै सम्झौता गर्न नआएकोले मिति २०८२।०९।०४ गते कारवाही किन नगर्ने सम्बन्धमा जवाफ पेश गर्ने व्यहोराको पत्राचार भएकोमा कुनै प्रतिक्रिया प्राप्त नभएको गजुरी गाउँ कार्यापालिकाको मिति २०८२।०९।१६ गतेको निर्णयानुसार श्री दर्पन विजनेस कन्सर्न, गोदावरी ५ ललितपुरले गजुरी गाउँपालिकाको धरौटीखातामा राखेको जमानत बापतको रु. २३,०००/- (अक्षरेपी तेइस हजार मात्र) जफत गरी उक्त फर्मलाई गजुरी गाउँपालिकामा १० वर्ष कालोसूचीमा राखिएको जानकारी यो सूचना मार्फत सार्वजनिक गरिएको छ ।

तपसिल :

| कालो सूचीमा राखिएको व्यवसाय तथा फर्म | समयावधि |
|---|---|
| श्री दर्पन विजनेस कन्सर्न, गोदावरी ५ ललितपुर<br>(मुख्य व्यक्ति : अफजल मिकरानी) | १० वर्ष |

२०८२/०९/२२

(जगदिश प्रसाद जोशी)
प्रमुख प्रशासकीय अधिकृत